# बृन्दावन नगरपालिका

# स्थानिय राजपत्र

## बृन्दावन नगरपालिकाको नदिजन्य पदार्थ (ढुङ्गा,गिट्टी,बालुवा,माटो) उत्खनन्,संकलन र बिक्री वितरण सम्बन्धी कार्यविधि, २०८०

**खण्डः ६** **संख्याः १३**

**पारित मितिः २०८०।०७।०२ गते** **परिमाणित मितिः २०८०।०७।१३**

**भाग – २**

**प्रस्तावनाः** ढुङ्गा,गिट्टी,बालुवा र माटोको उत्खनन, संकलन तथा बिक्री वितरणलाई ब्यबस्थित गरि पर्यावरणीय जोखिमलाई न्यूनीकरण गर्दै विकास निर्माणको आवश्यकता पुरा गर्न, निर्माण सामग्रीको अभाव हुन नदिइ सहज आपूर्ति गर्न, यस्ता सामग्रीको अनियन्त्रित दोहनलाइ निरुत्साहित गरि दिगोउपयोग गर्न र यस क्षेत्रबाट प्राप्त हुने राजश्व संकलनलाई व्यबस्थित गर्न वाञ्छनीय भएकोले बृन्दावन नगरपालिकाले संघीय सरकारबाट जारी भएको ढुङ्गा,गिट्टी,बालुवा उत्खनन, बिक्री तथा ब्यबस्थापन सम्बन्धी मापदण्ड (पहिलो संसोधन सहित) २०७७ को दफा २० को अधिकार प्रयोग गरि यो कार्यबिधि तर्जुमा गरेर जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यबिधिको नाम "नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा,माटो) उत्खनन्, संकलन र बिक्री बितरण सम्बन्धीकार्यविधि,२०८०"रहेको छ।

(२) योकार्यबिधि बृन्दावन नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

(क) "प्रमुख" भन्नाले बृन्दावन नगरपालिकाको प्रमुख सम्झनु पर्छ।

(ख) "उपप्रमुख" भन्नाले बृन्दावन नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले बृन्दावन नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नालेबृन्दावन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ङ) "नगरसभा" भन्नाले भन्नालेबृन्दावन नगरपालिकाको नगरसभालाईसम्झनुपर्छ।

(च) "अनुगमन समिति" भन्नाले यस कार्यबिधिको दफा (७) को उपदफा (१) मा उल्लिखित अनुगमन समितिलाईसम्झनु पर्दछ।

(छ) "घाटगद्दी" भन्नाले ढुङ्गा,गिट्टी,बालुवा,माटो,चट्टान,दहत्तरबहत्तर संकलन गर्न नगरपालिकाले तोकेको वा स्वीकृति दिएको सार्बजनिक/सरकारी जग्गा रहेको स्थानलाई सम्झनु पर्छ।

(ज) "नदिजन्य पदार्थ" भन्नालेबृन्दावन नगरपालिकाक्षेत्रको सार्बजनिक वा सरकारी जग्गा वा नदिमाउपलब्ध भएको ढुङ्गा,गिट्टी,बालुवा,माटो,चट्टान, रोडा, गेग्रान जस्ता पदार्थलाई सम्झनु पर्छ।

**(३) नदिजन्य पदार्थको उत्खनन, संकलन तथा बिक्री बितरण सम्बन्धी ब्यबस्थाः** (१) नेपाल सरकार र प्रदेश सरकारबाट जारि भएका प्रचलित कानुनहरुको अधिनमारहि नदिजन्य पदार्थहरुको उत्खनन्, संकलन र बिक्री वितरण सम्बन्धी ठेक्का लगाउनु पर्ने भए सोहि बमोजिम र नगरपालिकाको प्रत्यक्ष संलग्नतामा उत्खनन्संकलन र बिक्री वितरण गर्नु पर्ने भए यसै कार्यबिधि बमोजिम गर्नु पर्नेछ।

**(४) नदिजन्य पदार्थको उत्खनन् र संकलन सम्बन्धी ब्यबस्थाः** (१) नगरपालिकाले नदिजन्य पदार्थको उत्खनन्तथा संकलन गर्ने क्षेत्रको निर्धारण देहाय बमोजिम गर्ने छः

(क) प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित क्षेत्रबाटमात्र ढुंगा, गिट्टी,बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन गर्ने ब्यबस्था मिलाउनु पर्नेछ,तर  हालको नदीको वहाव तथा जोखिमको आधारमा नगरस्तरीय अनुगमन समितिले यस्तो  क्षेत्रलाई थप घटगर्न सक्नेछ।

(ख) नदीजन्य पदार्थको उत्खनन् तथा संकलन गर्ने गरी स्वीकृत वातावरणीय अध्ययन प्रतिबेदनले तोकेका स्थान तथा क्षेत्रहरु,

(ग) नदी, खोला र खहरेमा बाढी पहिरोका कारणले ढुंगा, गिट्टी र माटोजन्य पदार्थ थुप्रन गई सोको कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न भएको वा हुनसक्ने अवस्था सिर्जना भै प्राविधिक टोलीको सिफारिसका आधारमा जिल्ला बिपद्ब्यबस्थापन समितिद्वारा त्यस्ता पदार्थ हटाउनु पर्ने भनी बिस्तृत विवरण तथा सिमांकन सहित तोकेका क्षेत्रहरु,

(घ) निजि जग्गाबाट उत्खनन्गरी ढुंगा गिट्टी बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ निकाल्न प्रचालित कानून बमोजिम अनुमती प्रदान गरिएको क्षेत्र,

(ङ) प्रचलित कानून बमोजिम खानी तथा क्रसर उद्योग संचालन र निर्माण सामग्री आपूर्तिको लागि तोकिएको क्षेत्र।

(२) उपदफा (१) बमोजिमको कुनै क्षेत्रमा यो मापदण्ड बमोजिम नदीजन्य पदार्थको उत्खनन्र संकलनको ब्यबस्था नगरपालिकाले मिलाउन सक्नेछ।

(३) नगरपालिकाले नदिजन्य पदार्थको उत्खनन र संकलन गर्दा देहायबमोजिम गर्नु पर्ने छ:

(क) उत्खनन्, संकलन तथा बिक्री वितरण गर्न कार्यपालिकाबाट स्वीकृत कार्ययोजना वा कार्यपालिकाको निर्णय बमोजिम गरिने,

(ख) प्रचलित कानुन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी अधिकार प्राप्त निकायबाट स्वीकृत गर्ने, गराउँने,

(ग) प्रत्येक बर्ष ठेक्का वन्दोवस्त गर्नु पूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिबेदनमा उल्लेखित परिमाणलाई स्थलगत प्राबिधिक अध्ययनको आधारमा अध्यावधिक गरि पुनः एकिन गर्ने,

(घ) नगरसभाद्वारा स्वीकृत दरमा उत्खनन्, संकलनको अनुमती र बिक्रीको लागि ठेक्का ब्यबस्था मिलाउने।

(४) नदीजन्य पदार्थको उत्खनन् ,संकलन र बिक्री कार्यको लागि ठेक्का व्यवस्था गर्नुपुर्व  चेकलिष्ट तयार गरी प्राबिधिकबाट स्थलगत अनुगमन गराई ठेक्का बन्दोवस्त गर्नु पर्ने छ।

(५) नदीजन्य पदार्थ उत्खनन् गर्दा सामान्यतया श्रममूलक प्रविधिको प्रयोग गर्नुपर्नेछ, तर, मेसिनको प्रयोग गर्नु पर्ने भएमा वातावरणीय अध्ययन प्रतिबेदनमा उल्लेखित शर्त र सिमा भित्र रही  गर्नु पर्नेछ। साथै विपद जोखिम सम्बेदनशील क्षेत्रमा मेसिनको प्रयोग गर्नुपर्ने भएमा जिल्ला विपद् ब्यबस्थापन समितिको अनुमती लिनु पर्नेछ।

(६) उत्खनन्गरीसकेपछी छनौट गरी छाडिएको काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोहि स्थानमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएबमोजिम तह मिलाई खाडल नहुने गरी सम्याई राख्नु पर्नेछ।

(७) उत्खनन् र संकलन तथा ढुवानी कार्य गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका शर्त, ठेक्काका शर्त, जिल्ला र नगर अनुगमन समितिले दिएका निर्देशनहरु समेतको पालना गर्नुपर्नेछ।

(८) घना बस्ती र वन क्षेत्रको दुई किलोमिटर, राजमार्गको पाँचसय मिटर दूरी भित्रको नदी, सडक पुल तथा झोलुंगे पुलको एक किलोमिटर तल र पांचसय मिटर माथिको नदीजन्य पदार्थ उत्खनन्र संकलनगर्न पाईने छैन। तर, दफा (४) को उपदफा (१) को खण्ड (ग) बमोजिम गर्न यो उपदफाले बाधा पु–याएको मानिने छैन।

(९) उत्खनन् हुने परिमाण एकिन गर्दा वातावरणीय अध्ययन प्रतिबेदन बमोजिम अनुगमन समिति, नगरपालिकाको जनप्रतिनिधि, प्राविधिक कर्मचारी तथा स्थानीय बासिन्दाको रोहवरमा चारकिल्ला निर्धारण गरि उत्खनन गरिने परिमाण र उत्खनन गर्ने गहिराइ समेत जानकारी गराई सिमांकन गर्नु पर्ने छ।

(१०) उत्खनन गर्दा नगरपालिकाको प्रतिनिधि वा कर्मचारी,स्थानीय प्रशासनको प्रतिनिधि,  डिभिजन वन कार्यालयको प्रतिनिधि र स्थानीय नेपाल प्रहरी समेतको रोहवरमा मात्र रेखांकन गरिएको  घाट क्षेत्र भित्रवाट मात्र उत्खनन् गर्नुपर्ने छ।

(११) यान्त्रिक उपकरण प्रयोग गर्न वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएको हकमा भारी यान्त्रिक उपकरण (स्काभेटर) समेत प्रयोग गर्न पाइनेछ । नदीको वर्तमान अवस्था, यसबाट पर्न सक्ने जोखिम समेतलाई बिचार गरि आवश्यकताको आधारमा कार्यपालिकाको निर्णय अनुसार वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख नभएता पनि भारी यान्त्रिक उकरण (स्काभेटर) प्रयोग गर्न सकिनेछ । यान्त्रिक उपकरण प्रयोग गर्न दिने नदिने भन्ने अन्तिम निर्णय कार्यपालिकाबाट हुनेछ ।

(१२) नदिजन्य पदार्थ नदि देखि घाटगद्दिसम्म ओसार पसार गर्ने मार्ग अनुगमन समितिले तोके बमोजिम हुनेछ ।

(१३) उत्खनन्गर्दा तोकिएको गहिराइ भन्दा बढी खाडल नदेखिने गरि उत्खनन गर्नु पर्नेछ ।

(१४) उत्खनन्गर्दा वातावरणीय अध्ययन प्रतिबेदनमा उल्लेख भएका शर्तको अलावा अनुगमन समितिले दिएको निर्देशन पालना गर्नु पर्नेछ ।

(१५) उत्खनन्गर्दा पानीको सतह भन्दा १५ सेन्टिमिटर माथि छाड्नु पर्ने छ ।

(१६) नदिजन्य पदार्थ ओसारपसार गर्ने मार्ग दफा (७) अनुसार गठित समितिले तोके बमोजिम हुनेछ ।

(१७) उत्खनन गरेको परिमाणलाई घाटगद्दी गर्ने स्थान सम्म पुर्याउनुपुर्ब अनुसूची – (३)(क)बमोजिमको नदि प्रवेश आदेश लिएर मात्र ओसारपसार गर्नु पर्नेछ ।

(१८) वन, राष्ट्रिय निकुन्ज, मध्यवर्ती क्षेत्र, तराई चुरे क्षेत्रबाट ढुंगा, गिट्टी,बालुवा उत्खनन् गर्दा वातावरणीय अध्ययन प्रतिबेदनमा उल्लेखित बिधि र सम्बन्धित निकायको सहमति तथा स्वीकृत मापदण्ड र नगरपालिकाको प्रचलित कानुन तथा मापदण्ड बमोजिम गर्नु पर्नेछ।

**५) उत्खनन् वा संकलनको परिमाण नियन्त्रणः** (१) नगरपालिकाद्धारा उत्खनन् वा संकलन गर्न तोकिएको स्थलमा स्वीकृत परीमाणभन्दा बढी उत्खनन् संकलन हुन नदिन उत्खनन तथा संकलन गर्ने आदेश दिनुपुर्ब प्राबिधिकबाट गरिएको नाप जांच तथा रेखाङ्कनका आधारमा उत्खनन्वा संकलनको क्षेत्र निर्धारण गरी लाइन लेभल समेत दिइ देहाय अनुसार गर्नुपर्नेछः-

(क) उपदफा (१) बमोजिम उत्खनन्वा संकलन गर्ने स्वीकृति दिइएको क्षेत्रको नियमित अनुगमन नगरपालिकाले गर्नु पर्नेछ ।

(ख) अनुगमनको क्रममा कुनै नदीमा वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का सम्झौतामा उल्लेखभए बमोजिमको उत्खनन योग्य परीमाण उत्खनन्भैसकेको पाईएमा अनुगमन समितिले थप उत्खनन्वा संकलन कार्य बन्द गर्ने निर्देशन दिन सक्नेछ ।

(ग) नगरपालिकाले नदी किनारा तथा वन क्षेत्रमा भण्डारण गरी राखिएको अबैध नदीजन्य पदार्थ जफत गरी लिलाम बिक्रीको ब्यबस्था गर्न सक्नेछ ।

(घ) उत्खनन् वा संकलनकर्ताले उत्खनन, संकलन वा ढुवानी गरेको परिमाणको दैनिक अभिलेख अनुसूची – (४)(क)बमोजिमको र दैनिक पटके बिक्री वा ढुवानी अभिलेख तेरिज अनुसूची – (४) (ख)बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(ङ) यस दफामा तोकिएका प्राबधानहरु सहित नगरपालिकाको हितमा देखिने अन्य आवश्यक शर्तहरु उत्खनन तथा संकलनको ठेक्का सम्झौतामा थप गर्न सकिनेछ ।

(च) घाटगद्दी स्थललाई प्रबिधिमैत्री (सिसि क्यामेरा जडान गरि कम्प्युटरको माध्यमबाट) बनाँउने र सुरक्षा जनशक्ति खटाउने ब्यबस्था गर्नु पर्नेछ।

(छ) उत्खनन संकलन तथा बिक्री बितरणलाई ब्यबस्थित बनाउन सम्बन्धित निकायहरु संगको आवश्यक छलफल तथा बैठक दफा (७) बमोजिमको समितिले गर्नेछ ।

(२) नदिजन्य पदार्थको उत्खनन र संकलनको लागि नगरकार्यपालिकाको कार्यालयले घटाघटको ठेक्का आव्हान गर्न सक्नेछ। यसरि ठेक्का अव्हान मार्फत स्वीकृत ठेकेदार कम्पनिले अनुसूची (३)(क) बमोजिमको नदी प्रवेश आदेश लिएर मात्र उत्खनन स्थलबाट निर्धारित घाटगद्दी गरिने स्थलसम्म ओसार पसार गर्नेगरी देहाय बमोजिम गर्नु पर्नेछ।

(क) नदीजन्य पदार्थ ढुवानी गरि लैजाने सवारी साधनले पटकै पिच्छे अनुसूची ३.क बमोजिमको पटके प्रवेश आदेशमा उल्लेखित मिति,समय,सवारी नम्बर, ढुवानी गरी लैजाने स्थल (घाटगद्दी) परिमाण, पदार्थको प्रकार जस्ता सबै बिवरण स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

(ख) भण्डारण र घाटगद्दी स्थल सम्बन्धी ब्यबस्था नगरस्तरीय अनुगमन समितिको सिफारिसमा कार्यपालिकाले निर्धारण गर्नेछ ।

(ग) नदीजन्य पदार्थ उत्खनन् भएको स्थानबाट ओसारपसार गर्ने समय बातावरण अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम हुनेछ ।

(घ) नदीजन्य पदार्थ ढुवानी गर्दा टेक्टर र ४२५ घन फिट सम्मको टिपर मात्र प्रयोग गर्नु पर्नेछ।यसरि हुने ढुवानीको अनुगमन दफा (७) बमोजिम गठित अनुगमन समिति वा स्थानीय प्रहरीले गर्न सक्नेछ ।

(ङ) नदीजन्य पदार्थ ढुवानी गर्ने साधनले उत्खनन् स्थलबाट घाटगद्दीसम्म ४० कि.मी.प्रति घण्टा भन्दा बढी गतीमा सवारी साधन गुडाउन पाइने छैन्।

(च) अनुगमन समिति वा समितिको सिफारिस अनुसार कार्यालयले तोकेको स्थानमा चारकिल्ला छुट्याइ, तारवार गरी प्रबिधिमैत्री घाटगद्दी स्थल निर्माण गर्नु पर्नेछ ।

(छ) पटके आदेशमा उल्लेख भएको परिमाण र घाटगद्दीमा आईपुगेको परिमाणको नापजाँच गरी खटिएका कर्मचारीले दैनिकघाटगद्दी भएको परिमाणको अभिलेख राख्नु पर्नेछ।

(ज) उत्खनन गर्न निर्धारण गरिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन हुन नदिन देहाय बमोजिम गर्नु पर्नेछः-

(अ) अनुगमन समितिले निर्धारण गरेको घाट र परिमाणको सिमाभित्र रही उत्खनन् आदेश दिनुपुर्व प्राबिधिकबाट गरिएको नापजांच तथा रेखांकनका आधारमा पहिलो पटक उत्खनन्लाइन दिने।

(आ) दैनिक उत्खनन गरिएको नदीजन्य पदार्थको दैनिक अभिलेख राख्ने ।

(इ) दैनिक उत्खनन् तेरिज तयारगरि नगरपालिकामा पठाउने र नगरकार्यपालिका कार्यालयले सोको अभिलेख राख्ने व्यवस्था गर्ने ।

**६) नदीजन्य पदार्थको बिक्री वितरण सम्बन्धी ब्यबस्था:** (१) नदिजन्य पदार्थको बिक्री वितरणको ब्यबस्था नगरपालिका आफैले वा स्वीकृत घाटगद्दी स्थलबाट बढाबढको ठेक्का आव्हानगरि बन्दोबस्त गर्ने सक्नेछ । यसरि ठेक्का आव्हान गर्दा घाटगद्दीमा संकलित परिमाणको मात्र ठेक्का दिन सकिनेछ ।

(२) स्थानीय श्रमिकहरुले श्रममूलक प्रविधिको प्रयोग गरेर तोकिएको स्थानबाट उत्खनन र बिक्री वितरण गर्न चाहेमा निर्धारित मापदण्ड अनुसार सुचिकृतगरि अनुमति दिन सकिनेछ । यसरि उत्खननमा संलग्न हुने साधन (गाडा र ट्याक्टर) लाई सुचिकृत गर्दा गाडालाई निःशुल्क र ट्याक्टरको हकमा प्रति ट्याक्टर प्रति वर्ष रु पाँचसय (आर्थिक ऐन अनुसार हुने) शुल्क लिई सुचिकृतको निस्सा दिइनेछ ।

(३) घाटगद्दीमा रहेको नदीजन्य पदार्थको बिक्रीको ठेक्का बन्दोबस्त सम्बन्धी सुचना अनुसूची – (२) (क) बमोजिमको ढाँचामा प्रकाशन गर्नु पर्नेछ। त्यस्तो सुचना बमोजिम ठेक्का प्राप्त गर्ने व्यक्ति संग अनुसूची – (२) (ख) बमोजिमको ढाँचामा ठेक्का सम्झौता गरी अनुसुची –२.(ग) बमोजिमको ढाँचामा बिक्री पट्टापत्र दिनु पर्नेछ ।

(४) घाटगद्दी स्थलबाट नदिजन्य पदार्थ बिक्री वितरण गर्नकोलागि अनुसुची (३)(क)बमोजिमको पटके प्रबेश आदेश लिएर मात्र ओसारपसार तथा बिक्री वितरण गर्नु पर्नेछ।

(५) नदी जन्य पदार्थको न्युनतम बिक्री दस्तुर नगर दररेटमा मुल्य अभिबृद्दीकर, उत्खनन्खर्च, ढुवानी भाडा र सेवाशुल्क नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(६) नदिजन्य पदार्थको बिक्री वितरणका अन्य शर्तहरु नगरपालिका र ठेकेदार कम्पनी बीच अनुसूची – (२) (ख) बमोजिम र सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(७) नदिजन्य पदार्थको उत्खनन गर्दा श्रममूलक प्रविधिको प्रयोगलाई प्रबर्धन गर्ने र नदिजन्य पदार्थमा आश्रित न्युन आय भएका श्रमिकहरुलाई रोजगार सृजना हुने गरि ढुवानीका लागी प्रयोग हुने गाडा र टेक्टरहरुको हकमा नगरपालिकाको आर्थिक ऐनले तोकेको दररेटमा मु.अ.कर सहितको न्युनतम दररेटको नगदी रसिद दिइ अनुसूची (३) (क)बमोजिमको पटके आदेश जारी गरी बिक्री वितरण तथा ओसारपसार गर्न अनुमति दिइनेछ ।

(८) उपदफा (७) बमोजिम नदिजन्य पदार्थमा आश्रित रही जीवन निर्वाह गर्ने नगरपालिकामा सुचिकृत श्रमिकहरुलाई काममा लगाउने ब्यक्ति फर्म वा संस्थाले बिमा लगायत सामाजिक सुरक्षा कोषमा आबद्द गराउनु पर्नेछ, सो को ब्यबस्थापन र सहजीकरण नगरपालिकाले गर्नेछ ।

(९) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै आयोजनाको सम्बन्धमा सो आयोजना संग सम्बन्धित कार्यालय वा सम्बन्धित गाउँ वा नगरपालिकाबाट सिफारिश भई आएमा वा कुनै व्यक्ति,फर्म वा कम्पनिले आवश्यकता जनाई माग गरेमा कार्यालयबाट भएको निर्णयअनुसार तोके बमोजिमको नदी जन्य पदार्थको परिमाण नगरपालिकाको आर्थिक ऐनमा उल्लेखित दररेटमा सेवाशुल्क, मुल्य अभिबृद्धि कर सहित उत्खनन्र संकलनमा लागेको लागत समेतको दस्तुर कार्यालयको राजश्व शाखामा जम्मा गरी लैजान सक्ने छन।यसरि नदीजन्य पदार्थ उपलब्ध गराउदा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुलाई पहिलो प्राथमिकतामा राख्नु पर्नेछ।

**७) अनुगमन सम्बन्धी ब्यबस्था** (१) बाताबरणीय अध्ययन प्रतिवेदनको पालना, उत्खनन परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण लगाएतका कार्यहरुको अनुगमन गर्न देहाय बमोजिमको नगरस्तरीय एक अनुगमन समिति रहनेछ

क) प्रमुख – संयोजक
ख) कम्तीमा एक जना महिला सहित दुई जना कार्यपालिका सदश्य – सदस्य
ग) स्थानीय नेपाल प्रहरी कार्यालयको प्रतिनिधि – सदस्य
घ) स्थानीय शसस्त्र प्रहरी कार्यालयको प्रतिनिधि – सदस्य
ङ) स्थानीय ट्राफिक कार्यालयको प्रमुख वा प्रतिनिधि - सदस्य
च) प्रमुख प्रशासकीय अधिकृत – सदस्य
छ) राजश्व शाखा प्रमुख - सदस्य
ज) नगरपालिकाको इन्जिनियर – सदस्य सचिव

(२) अनुगमन समितिले जुनसुकै बेला अनुगमन गरि निर्देशन दिन सक्नेछ।

(३) अनुगमन समितिले आवश्यकता अनुसार उपसमिति, प्राबिधिक समिति र कार्यदल गठन गर्न सक्नेछ।

(४) पटके नदी प्रवेश आदेश, उत्खननरकर्ताले राख्ने नदिजन्य पदार्थको दैनिक उत्खननर अभिलेख, नदीजन्य पदार्थको दैनिक पटकेबिक्री अभिलेख तेरिजको ढांचा आदि समिति आफैले निर्धारण गर्न सक्नेछ।

(५) यस कार्यविधिमा अन्यत्र उल्लेख गरिएका कार्यहरुको अलावा अनुगमन समितिले उत्खनन् स्थल निर्धारण,क्षेत्रफल तथा गहिराइको अनुगमन र उत्खननको अधिकतम गहिराइ निर्धारण गर्नेछ ।

(६) अनुगमन समितिले अनुगमन र बैठक सम्बन्धी कार्यबिधि आफैं निर्धारण गर्न सक्नेछ ।

(७) समिति, उपसमिति र कार्यदलका पदाधिकारीहरुको बैठक तथा अनुगमन सम्बन्धी सुविधा प्रचलित कानून बमोजिम हुनेछ ।

**८) बिबिधः** यस कार्यविधिको कार्यान्वयनका बखत कुनै द्विविधा उत्पन्न भएमा नगरपालिकाको प्रमुखले तेस्तो द्विविधा वा बाधा अड्काउ फुकाउन सक्नेछ, सो को जनाउ प्रमुखले लगत्तै बसेको कार्यपालिकाको बैठकमा गराउनु पर्नेछ ।

**९) बिशेष ब्यबस्थाः** (१) माथिका दफाहरुमा जुनसुकै व्यहोरा उल्लेख भएतापनि नगरपालिकाबाट संचालित आयोजनाहरुमा प्राप्त नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, माटो, आदि) काठ दाउरा प्राबिधिक प्रतिबेदनको आधारमा कार्यपालिकाले ब्यबस्थापन गर्न सक्नेछ ।

२) यस कार्यविधिमा भएका ब्यबस्थाहरु यसै अनुसार र यसमा नभएका बिषयहरुको हकमा प्रचलित संघिय, प्रादेशिक र स्थानीय कानुन बमोजिम तथा ढुंगा,गिट्टी,बालुवा उत्खनन् बिक्री तथा ब्यबस्थापन सम्बन्धी मापदण्ड (पहिलो संसोधन सहित) २०७७ बमोजिम हुनेछ ।

**१०) नियमावली, कार्यबिधि संसोधन, मापदण्ड र कार्ययोजना बनाउन सक्नेः** नगरकार्यपालिकाले यस कार्यविधिलाइ आबश्यकता अनुसार संसोधन गर्न सक्नेछ, साथै, आवश्यक मापदण्ड र कार्ययोजना बनाउन सक्नेछ ।

**११) बाधा अड्काउः** यस कार्यविधिमा विरोधाभाषा उत्पन्न भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१२) विशेष व्यवस्था**ः

(१) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा बिक्रीको लागि ठेक्का नलागेकोमा वा नभएमा वा नगरपालिकाको प्रत्यक्ष संलग्तनतामा उत्खनन् संकलन तथा बिक्री कार्य नभएको अवस्थामा नगरपालिकाको अमानत लगायत अन्य वैकल्पिक व्यवस्था गरी नदीजन्य पदार्थको कर, शुल्क तथा दस्तुर उठाउन सक्नेछ।

(२) माथीको दफाहरूमा जुनसुकै कुरा लेखिएता पनि नगरपालिकाबाट सञ्चालित आयोगनामा पाइएको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा दहत्तर बहत्तर) तथा कुनै बहुमूल्य पत्थर, धातु, काठ, दाउराको प्राविधिको प्रतिवेदनको आधारमा नगर कार्यपालिकाले उचित व्यवस्थापन गरी सक्नेछ।

**(१३) बचाउ**ः यस कार्यविधिमा भएका व्यवस्थाहरू यसै कार्यविधि अनुसार र यसमा नभएका व्यवस्थाहरू प्रचलित कानून बमोजिम हुनेछ।

**(१४) कार्यविधि संशोधन, मापदण्ड र कार्ययोजना बनाउन सक्ने**ः (१) नगरकार्यपालिकाको यस कार्यविधिमा आवश्यक्ता अनुसार संशोधन गर्न सक्नेछ साथै यस कार्यविधिको कार्यान्यवनको लागि आवश्यक मापदण्ड र कार्ययोजना बनाई लागू गर्न सक्नेछ।

## अनुसुची १.क
## (दफा ४ को उपदफा (४) संग सम्बन्धित सुचना)

**नदीजन्य पदार्थको उत्खनन् र संकलन तथा ढुवानी सम्बन्धी बोलपत्र आव्हानको सुचना**

प्रथम पटक प्रकाशित मिति................

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६२ क र बृन्दावन नगरपालिकाको आर्थिक ऐन ....... को दफा ........को ब्यबस्था बमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन तथा निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन गरी नगरपालिकाले तोकेको घाटगद्दी स्थलमा तोकिएको स्थलमा तोकिएको मार्ग प्रयोग गरि मागथ प्रयोग गरी संकलन गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ. व........ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरि तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरीएकोछ।

| ठेक्का नं. | नदीको नाम (उत्खनन् स्थल) | अधिकतम परिमाण (घन फिट) | औषत दुरी कि.मि. (नदीबाट घाटगद्दी स्थल सम्मको) | अदिकतम उत्खनन् तथा संकलन दर प्रति घन फिट | अधिकतम लागत अनुमान (सेवा शुल्क र मु.अ. कर बाहेक) | धरौटी रकम (रू) | बोलपत्र दस्तुर (रू) |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |

द्रष्टब्यः वातावरणीय अध्ययन प्रतिबेदन बमोजिम चेन एक्साभेटर/व्याकहुलोडर तथा टिपर प्रयोग गर्न सकिनेछ।

**शर्तहरुः**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्र, आ व ....... को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र फाराम, दस्तुर वापत यस कार्यालयमा नगद दाखिला गरेको रसिद वा..... बैक ........मा रहेको यस कार्यालयको खाता न....... मा नगद जम्मा गरेको भौचर साथ निबेदन पेश गरि यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले ..........औं दिनको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ। बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य गर्न सकिनेछ।

२. बोलपत्र सम्बन्धि फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ। आफुले कबुल गरेको अंकको ....... प्रतिशतका दरले हुन आउने धरौटी रकम यस कार्यालयको ........मा रहेको धरौटी खाता नं.... जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा बोलपत्र नं र नाम उल्लेख गरि म्याद सहित जारी भएको सिलबन्दी बिडबंड पेश गर्नु पर्ने छ।

३. खरिद गरेको बोलपत्र फारमहरूमा उल्लेख भएका सबै विवरणहरु भरेर बोलपत्र दाताले प्रत्येक पानामा सहिछाप गरि सिलबन्दी गरि खाम बाहिर फर्मको नाम ठेगाना कामको विवरण बोलपत्र विवरण प्रोप्राइटरको नाम ठेगाना फोन नं मोबाइल नम्बर समेत स्पष्ट खुलाई फर्मको छापलगाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले ———औं दिनको ——बजे भित्र यस कार्यालयमा हार्डकपि दर्ता गर्नु पर्नेछ।

४. एउटा फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइनेछैन। रितपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको .... बजे देखि बिभिन्न कार्यालयका प्रतिनिधी निर्माण ब्यबसायी वा निजको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्र दाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदा पछी कार्यालय खुलेको दिनमा गर्न सकिनेछ।

५.प्री बिड बैठक यो सुचना प्रकाशित भएको मितिले...... औं दिनको.......बजे.......नगरपालिकाको कार्यालयमा हुनेछ। इच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिइ यस सम्बन्धमा बिस्तृत जानकारी लिन सक्नुहुनेछ। उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट सोहि समयमा हुनेछ।

६. बोलपत्र सम्बन्धी बिस्तृत जानकारी बोलपत्र फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ। म्याद नाघी रित नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

७. बोलपत्र स्वीकृत भएमा सो को सुचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले —–दिन भित्र मू अ कर दर्ता प्रमाणपत्र समेत लिइ कबोल अंकको प्रथम किस्ता बापत, चालिस प्रतिशतले हुने रकमको बैंक ग्यारेंटी सहित पेश भएमा सो बराबरको रकम उत्खननकर्तालाई दिइनेछ। पहिलो किस्ता बापतको उत्खनन् तथा संकलन पश्चात दोश्रो किस्ता वा कबोल अंकको तिस प्रतिशतले हुन आउने रकम भुक्तानी माग भइ आएमा सो बराबरको बैंक ग्यारेन्टी कार्यालयले लिइ दोश्रो किस्ता रकम उपलब्ध गराइनेछ। अन्तमा दोश्रो किस्ता बापतको उत्खनन् तथा संकलन पश्चात तेश्रो किस्ता वा कबोल अंकको तिस प्रतिशतले हुन् आउने रकम भुक्तानी माग भइ आएमा पुनः सो बराबरको बैंक ग्यारेन्टी कार्यालयले लिइ तेश्रो तथा अन्तिम किस्ता रकम उपलब्ध गराइनेछ।

८. तोकिएको समयमा उत्खनन् तथा संकलन नगरेमा धरौटी रकम जफत गरि नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस नगरपालिका क्षेत्र भित्रका नदि तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणको सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ र बृन्दावन नगरपालिकाको नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, माटो) उत्खनन्, संकलन र बिक्री बितरण सम्बन्धि कार्यविधि, २०७९ तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाटगरिएको बातावरणीय अध्ययन प्रतिबेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

**अनुसुची १.ख**

**(दफा ४ को उपदफा (४) संग सम्बन्धित)**

**बृन्दावन नगरपालिकाको नदीजन्य पदार्थको उत्खनन् र संकलन तथा ढुवानी सम्बन्धीसम्झौता पत्र**

लिखितम............नाती ...........छोरा........... जिल्ला .........गाँउपालिकार/नगरपालिका वडा नं.... स्थायी घरभइ हाल ..... गाउँपालिकार/नगरपालिकावडा नं ....मा बसोबास गर्दै आएका वर्ष.....को................ले तपशिल बमोजिमको शर्तमा तपशिल बमोजिमको क्षेत्रमा ....ठेक्का वन्दोवस्त गर्ने गरी यस कार्यालयबाट प्रकाशित गरिएको मिति ....को ठेक्का नं ...को सुचना बमोजिम ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा संकलनको लागि तपाइले तोकिएको मितिमा पेश गर्नु भएको बोलपत्र मूल्याङ्कन गर्दा आ व ........ का लागि...रु..........(मू. अ. कर बाहेक) मा तपाईँसंग ठेक्का सम्झौता गर्न मिति ...........मा यस कार्यालयबाट निर्णय भएको हुँदा उक्त निर्णय अनुसार तपशिलका शर्त बमोजिम तपशिल बमोजिमका क्षेत्रमा बृन्दावन नगरपालिकाको तर्फबाटढुंगा, गिट्टी, बालुवा, उत्खनन् तथा संकलन गर्ने ठेक्कामा मञ्जुर भई सम्झौता गर्न उपस्थित भएको छु।

तपशिलमा लेखे बमोजिमको शर्तमा कुनै घटीबढी नगरी मैले कबोल गरेको रकम रु ..........अक्षेरेपी ............ (मू. अ. कर बाहेक) मा ठेक्का सकार गरी मिति ...........देखि मिति .......... सम्म आ व ............को ठेक्का चलन गर्नेछु। पछी मैले गरेको सम्झौता उपर कुनै कुरा उजुर गर्ने छैन, गरे यसै कागजातबाट बदर गरिदिनु भनि मेरो राजीखुशी संग रकम चलानको कबुलियत लेखि यस कार्यालयमा बुझाएको छु।

**तपशिलः**

१.यस सम्झौता पत्रमा उल्लेख गरे बमोजिमका क्षेत्र र शर्तका अधिनमा रही आ व ..........का लागि मिति............गते देखि ...........सम्मको लागि प्रचलित कानुनको अधिनमा रही ढुंगा, गिट्टी र बालुवा उत्खननतथा संकलनको काम गर्नेछु।

२. यस नगरपालिकाको क्षेत्र भित्र रहेका ..........................खोलाहरुबाट तोकिएका माल बस्तुहरुको उत्खनन् तथा संकलन कार्यका लागि अग्रिम एकमुष्ट वा प्रथम किस्ता वापतको रकम धरौटी रकम रु........... बराबरको बैङ्क ग्यारेन्टी पेश गरेको छु।

३.उत्खनन रसंकलन कार्यका लागि नगरपालिकाबाट निर्धारण गरीएको बाहेक अन्य कुनै किसिमको कर, सेवाशुल्क, दस्तुर इत्यादि थप गरि लिने छैन। अनुगमन समिति वा नगरपालिकाबाट अनुगमन हुँदा कुनै अनाधिकृत कार्य गरेको पाईएमा कानुन बमोजिमको कारवाही र सजाय भएमा मलाइ मञ्जुर छ।

४. नदिजन्य पदार्थहरु निर्धारित स्थानबाट मात्र उत्खनन गर्नु पर्नेछ।

५.उत्खनन गर्दा नजिक रहेको वन तथा खोला नालामा निर्मित घाट नजिकको किनारा तथा घाटलाई कुनै हानि नोक्सानी नहुने गरि सर्बसाधारण जनताको घरजग्गा कुलो बाँध आदिमा क्षति नहुने गरी उत्खनन गर्नु पर्नेछ।

६.कलभर्ट सडक बाटो तथा सार्बजनिक निर्माण स्थलबाटदुवै तर्फ २०० मिटरभित्र निर्माण सामाग्रीहरु उत्खनन्गर्न पाईनेछैन।

७. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखी मिति...........सम्म बिहान ७ बजे देखि बेलुका ५ बजे सम्म मात्र उत्खनन एवम संकलनको समय अवधि हुनेछ।

८. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छलि मालबस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तु जुनसुकै स्थानमा लागेको भएपनि सम्बन्धित ठेकेदारले दस्तुर वा शुल्क उठाउन सक्नेछ।

९. उत्खनन् पश्चात काम नलाग्ने भनि छोडिएका निर्माण सामाग्रीहरु जुन स्थलबाट निकालिएको हो सोही स्थानमा लगि पुर्बवत् अवस्थामा छोड्नु पर्नेछ। नदीको किनारा बदलिने गरि उत्खनन गर्न पाईनेछैन।

१०. नदिजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कामदार वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकदार स्वयमले उपलब्ध गराइ सम्पूर्ण सुरक्षा सतर्कताका साथ उत्खनन् तथा संकलनको प्रबन्ध मिलाउनु पर्नेछ।

११. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा स्थानीय वातावरणमा कुनै किसिमको प्रतिकुल प्रभाव नपर्ने ब्यबस्था ठेकदार स्वयमले मिलाउनु पर्नेछ। साथै कामदार तथा कर्मचारीहरुको सुरक्षा तथा बीमा गर्ने गराउने दायित्व समेत ठेकदार स्वयमको हुनेछ।

१२. स्वीकृत वातावरणीय प्रतिबेदनामा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनिकरण सम्बन्धी उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन्तथा संकलन गर्नु पर्नेछ।

बृन्दावन नगरपालिकाकाको तर्फबाट
हस्ताक्षरः
नामः
पदः प्रमुख प्रशासकीय अधिकृत
कार्यालयको छापः

ठेकेदारको तर्फबाट
हस्ताक्षरः
नामः
प्रोप्राईटरः
फर्मको छापः

ईति सम्बत......साल..........महिना.......गते रोज.........शुभम्।

## अनुसूची –१.ग
### (दफा ४ को उपदफा (४) संग सम्बन्धित)
### उत्खनन् तथा संकलन पट्टा

लिखितम श्री ................को नाती...................को छोरा ...............जिल्ला ................... गा.पा./न.पा.वडा नं................ स्थायी घर भई हाल ................ गा.पा./न.पा. .......... मा स्थायी बसोबास गर्दै आएको बर्ष ....... को श्री ...................... ले .............कानुन बमोजिम बृन्दावन नगरपालिकाको निमित्त तपशिल बमोजिमको शर्तमा तपशिल बमोजिमको क्षेत्रमा तपशिल बमोजिमको दरले आय रकम संकलन गर्न ठेक्का वन्दोवस्त गर्ने गरी यस बृन्दावन नगरपालिकाबाट बोलपत्र आव्हान गरे अनुसार तपाई समेतले दिनु भएको बोलपत्रको मूल्याङ्कन हुँदा आ.व............को लागि रु. ................।– (मू.अ.कर बाहेक) अक्षेरपी ....................मात्रमा ठेक्का दिने गरि तपाइँ संग ठेक्का वन्दोवस्त गर्न मिति .......................मा यस नगरपालिकाबाट भएको निर्णय अनुसार तपशिलका शर्त बमोजिम हुने गरी आय संकलन गर्न मन्जुर भई कवुलियत गरिदिनु भएको हुँदा कवुलियत बमोजिम घटीवढी नपारी तपशिलमा लेखिए बमोजिमको मिति भित्र नगरपालिकालाई सम्पूर्ण किस्ताको रकम रु. ........। वा प्रथम किस्ता बापतको रकम रु.................बुझाई मिति ....................देखी मिति .....................सम्म आ.व.........को लागि देहाय बमोजिमका स्रोतहरुवाट देहाय बमोजिमको दरमा बिक्री मूल्य वा शुल्क संकलन गर्ने कार्य गर्नुहोला । तपाइले गरीदिनु भएको सम्झौता र यो पट्टाको बर्खिलाप हुने गरि कुनै कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी बिक्री मूल्य वा शुल्क असुली गरेको ठहरे तपाइँ संग भएको ठेक्का तोडी तपाईको नाम कालोसूचीमा राखिने र त्यसबाट यस नगरपालिकालाई हुन जाने हानि नोक्सानीको सम्पूर्ण रकम तपाइले राखेको बैंक जमानत वा नगद दाखिला गरेको रकमवाट असुल उपर गरिनेछ । पछी तपाईको कुनै कुरामा उजुर दाबी लाग्ने छैन भनी आजै यस बृन्दावन नगरपालिकाबाट ठेक्का चलन पुर्जी जारि गरि दिइएकोछ ।

**तपशिलः**

१) सम्झौतामा उल्लेख गरी बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व.............को सम्पूर्ण किस्ता वा प्रथम किस्ता बापतको रकम रु. ..........बुझाई...........मिति ..... देखी ..........मिति ..........सम्मको लागि प्रचलित कानूनको अधिनमारही नगरपालिकाको आय संकलन गर्ने ।

२) उक्त आय संकलन गर्नका निमित्त बृन्दावन नगरपालिका क्षेत्रभित्र रहेका यसै साथ् संलग्न सूचिका मालबस्तुमा सोही सुचीमा तोकिएको दरमा बिक्री मूल्य वा शुल्कको रुपमा आय संकलन गर्नेछु । यसरी आय संकलन गर्दा करदातालाई दिइने भर्पाइ रसिद यस नगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नेछु ।

३) सो आय संकलन गर्दा नगरपालिकाको कार्यालयबाट निर्धारण भएको बस्तुमा तोकिएको दरबमोजिम बाहेक अन्य कुनै किसिमको कर सेवाशुल्क वा दस्तुर आदि लगाई लिइने छैन र यस कार्यालयबाट प्रमाणित गराए बाहेकका रसिदहरू प्रयोग गरि आय संकलन गरिने छैन । यदि कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको पाईएमा कानुन बमोजिमको कारबाही र सजाय हुनेछ ।

४) अन्य कुराहरु तपाई र यस नगरपालिकाको कार्यालय बीच भएको सम्झौता बमोजिम हुनेछ ।

५) साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन्,संकलन र बिक्री गर्दा देहायका स्थानबाट निम्न बमोजिमको परीमाणमा मात्र गर्नु पर्नेछ।

| क्र.सं. | नदीजन्य पदार्थ उत्खनन् गर्ने स्थान र नदीको नाम | बालुवा (क्यू. फिट) | ढुंगा (क्यू. फिट) | ग्राभेल/गिट्टी (क्यू.फिट) | माटो (क्यू.फिट) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

दस्तखतः
नामः
पदः
मितिः

ईति सम्बत......साल..........महिना.......गते रोज.........शुभम् ।

## अनुसूची – २.क
### (दफा (६) को उपदफा (३) संग सम्बन्धित)
### नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति............

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६२ क. र यस बृन्दावन नगरपालिकाको आर्थिक ऐन ........ र बृन्दावन नगरपालिकाको नदिजन्य पदार्थ (ढुंगा,गिट्टी,बालुवा,माटो) उत्खनन्, संकलन र बिक्री वितरण सम्बन्धि कार्यविधि २०७९ को दफा......को व्यवस्था बमोजिम तपशिलमा उल्लेखित स्वीकृत घाटगद्दीमा भएका प्लटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी यस नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति,फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरि तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र दाखिला गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | सूचना नं./बोलपत्र पत्र नं. | बोलपत्रको नाम (घाट गद्दी स्थलको नाम र प्लट नं.) | उत्खनन् परिमाण (घन फिट) | न्यूनतम कबोल रकम (सेवा शुल्क मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर रू. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१. ठेक्का कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंकको साथै उत्खननको लागि उल्लेखित परिमाणको आधारमा बिक्री दरले हुन आउने रकम समेतको हिसाबले नियमानुसार थप ..... प्रतिशतका दरले मूल्य अभिबृद्धि कर रकम समेत गरि एकमुष्ट वा .... किस्तामा ...... प्रतिशतका दरले यस कार्यालयमा बुझाउनु पर्नेछ ।

२.नेपाल सरकार वा नगरपालिकालाई प्रचलित कानून् बमोजिम बुझाउनु पर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयमले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईनेछैन ।

३.शुल्क उठाउने रसिदहरू ठेक्काको शिर्षक अनुसार छुट्टा छुट्टै ठेली ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणित गराई रसिद नियन्त्रण खातामा नम्बर चढाई मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

४. बिक्री मूल्य वा शुल्क असुल गर्नुपर्ने दररेटको सुची तालिका र शर्तहरु सहितको होर्डिंगबोर्ड कर संकलन केन्द्रमा अनिबार्य रुपमा सर्बसाधारणले देख्ने गरि ठेकेदारले राख्नुपर्नेछ ।

५. ठेक्का सम्बन्धमा कुनै बिवाद उत्पन्न भएमा त्यस्तो बिवादको समाधान प्रचलित कानुन बमोजिम हुनेछ ।

६. तोकिएको म्याद भित्र ठेकेदारले नगरपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा नगरपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ । यसबाट उत्पन्न हुने हानी नोक्सानीको क्षतिपूर्ति बापतको रकमको साथै बाँकी किस्ता रकमको २५ प्रतिशतका दरले हुन आउने ब्याज समेत ठेकेदारबाट नगरपालिकाले असुल गर्नेछ ।

७. नगरपालिकाले बिक्री मूल्य वा कर शुल्क असुल गरिसकेको निर्माण सामग्रीमा पुनः अर्को स्थानीय तहबाट कर लगाउन पाइने छैन ।

८.प्रचलित ऐन, नियम बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुनै संसोधन भएमा संसोधित ब्यबस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।

९.साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री गर्दा राष्ट्रिय गौरबका रुपान्तरणकारी आयोजनाहरुलाई बिशेष प्राथमिकता दिनुपर्नेछ।

१०. नदीबाट नदीजन्य पदार्थहरु उत्खनन्गर्दा वातावरणमा प्रतिकुल प्रभावपर्ने गरी कुनैपनि कार्य गर्न पाइने छैन।

११. ठेकेदारले यस सम्झौतामा उल्लेखित सम्पूर्ण शर्तहरु पूर्णरुपले पालना गर्नुपर्नेछ साथै सोको नियमित रुपमा नगरपालिकाबाट अनुगमन हुनेछ। यस्तो अनुगमनबाट शर्तहरु उल्लङ्घन भएको पाईएमा कार्यालयले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ, यसबाट ठेकेदारलाई कुनै हानि नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र क्षेतिपूर्ति दिइने छैन।

१२. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्र संकलन गर्दा भौतिक,जैविक, सामाजिक,आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाइ न्यूनीकरण गर्ने प्रक्रिया वा पद्दति अबलम्बन गरि ढुंगा,गिट्टी,बालुवा र माटो संकलन तथा ढुवानी गर्नुपर्नेछ।

१३. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत सम्भार गर्नु पर्नेछ। सो बापत लागेको खर्च नगरपालिकामा दाबी गर्न पाइने छैन ।

१४. उत्खनन गर्दा नजिक रहेको सडक, वन तथा खोला किनार र घाटलाई कुनै प्रकारको हानि नोक्सानी नहुने साथै सर्बसाधारण जनताको घर जग्गा कुलो,बाँध आदि क्षति नहुने गरि उत्खनन गर्नुपर्नेछ।

१५. कल्भर्ट,सडक,बाटो तथा सार्बजनिक निर्माण स्थलबाट दुवैतर्फ २०० मिटर भित्र निर्माण सामग्री उत्खनन गर्न पाईने छैन।

१६. मुख्य मार्गबाट बोल्डर, ग्राभेल, बालुवा, माटो उत्खनन गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्यगर्दा निजि जग्गामा पर्ने भए सम्बन्धित जग्गा धनीको मञ्जुरीनामा लिनु पर्नेछ । वन क्षेत्र भएर जाने भए वन कार्यालय संग सम्पर्क र समन्वयमा ठेकेदारले बाटो निर्माण गर्नु पर्नेछ।

१७. ठेक्का सम्झौता भएको मितिको भोलि पल्ट देखि.................. मिति............... सम्म मात्र उत्खनन् एवम् बिक्री समय अवधि हुनेछ।

१८. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् तथा बिक्री कार्यमा एक्स्काभेटर, डोजरजस्ता भारी उपकरणहरुको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनमा उल्लेखित शर्त तथा सीमाभित्र रही प्रयोग गर्नुपर्नेछ।

१९. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छली मालबस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेलापरेमा त्यस्तो मालबस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएतापनि सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ।

२०.साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन्तथा बिक्री गर्ने कार्यमा सम्लग्नहुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री र औजारहरु ठेकेदार स्वयमले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कताका साथ उत्खनन् तथा बिक्री प्रबन्ध मिलाउनु पर्नेछ।

२१.ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकुल प्रभाव नपर्ने ब्यबस्था ठेकेदारले मिलाउनु पर्नेछ। कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बिमा गर्ने गराउने दायित्व निज ठेकेदाराको हुनेछ।

२२.स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुको पूर्ण पालना गरि नदीजन्य पदार्थ उत्खनन् तथा बिक्री गर्नु पर्नेछ।

२३. यसमा उल्लेख भएका कुराहरुमा सोहि बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसुची २.ख
### (दफा (६)को उपदफा (३) संग सम्बन्धित)

**बृन्दावन नगरपालिकाको घाट गद्दीमा रहेको नदीजन्य पदार्थ (ढुंगा,गिट्टी,बालुवा,माटो)को बिक्री बितरण सम्बन्धी सम्झौता पत्र**

लिखितम.............नाती ..........छोरा........... जिल्ला .........गाँउपालिका/नगरपालिका वडा नं .... ....स्थायी घरभई हाल ............ गाउँपालिका/नगरपालिका वडा नं .........मा बसोबास गर्दै आएका वर्ष..........को श्री.............ले तपशिल बमोजिमको शर्तमा तपशिल बमोजिमको क्षेत्रमा .... ठेक्का वन्दोवस्त गर्ने गरी यस कार्यालयबाट प्रकाशित गरिएको मिति ....को ठेक्का नं ........को सुचना बमोजिम ढुंगा, गिट्टी, बालुवा माटो को बिक्री बितरण सम्बन्धी तोकिएको मितिमा पेश गर्नु भएको बोलपत्र मूल्याङ्कन गर्दा आ. व. ........ का लागि...रु.............(मू. अ. कर बाहेक) मा तपाईँ संग ठेक्का सम्झौता गर्न मिति ...........मा यस कार्यालयबाट निर्णय भएको हुँदा उक्त निर्णय अनुसार तपशिलका शर्त बमोजिम तपशिल बमोजिमका क्षेत्रमा बृन्दावन नगरपालिकाको तर्फबाटढुंगा, गिट्टी, बालुवा,माटो को बिक्री बितरण गर्ने ठेक्कामा मञ्जुर भई सम्झौता गर्न उपस्थित भएको छु। तपशिलमा लेखीए बमोजिमको शर्तमा कुनै घटीबढी नगरी मैले कबोल गरेको रकम रु ........... अक्षरेपी ......... (मू. अ. कर बाहेक ) मा ठेक्का सकार गरी मिति ............देखि मिति.......... सम्म आ. व.............को ठेक्का चलन गर्नेछु। पछी मैले गरेको सम्झौता उपर कुनै कुरा उजुर गने छैन, गरे यसै कागजातबाट बदर गरिदिनु भनि मेरो राजीखुशी संग रकम चलनको कबुलियत लेखि यस कार्यालयमा बुझाएको छु।

**तपशिल:**

१.यस सम्झौता पत्रमा उल्लेख गरी बमोजिमका क्षेत्र र शर्तका अधिनमा रही आ. व. ...........का लागि मिति...............गते देखि ...........सम्मको लागि प्रचलित कानुनको अधिनमा रही ढुंगा, गिट्टी, बालुवार माटो बिक्री बितरणको काम गर्नेछु।

२. यस नगरपालिकाको क्षेत्र भित्र रहेका ..........................घाटगद्दीहरुबाट तोकिएका माल बस्तुहरुको बिक्रीबितरण कार्यका लागि अग्रिम एकमुष्ट वा प्रथम किस्ता वापतको रकम धरौटी रकम रु....... ....बराबरको बैङ्क ग्यारेन्टी पेश गरेको छु।

३.बिक्रि बितरण सम्बन्धी कार्यका लागि नगरपालिकाबाट निर्धारण गरीएको बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क दस्तुर इत्यादि थप गरि लिने छैन। अनुगमन समिति वा नगरपालिकाबाट अनुगमन हुँदा कुनै अनाधिकृत कार्य गरेको पाईएमा कानुन बमोजिमको कारवाही र सजाय भएमा मलाई मञ्जुर छ।

४. नदिजन्य पदार्थहरु निर्धारित स्थानबाट मात्र बिक्री बितरण गर्नु पर्नेछ।

५.बिक्रि गर्दा कुनै हानि नोक्सानी नहुने गरि सर्बसाधारण जनताको घरजग्गा कुलो बाँध आदिमा क्षति नहुने गरी गर्नु पर्नेछ।

६.कलभर्ट सडक बाटो तथा सार्बजनिक निर्माण स्थलबाट दुवै तर्फ २०० मिटर भित्र निर्माण सामाग्रीहरु बिक्री गर्न पाईने छैन।

७. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखी मिति............सम्म बिहान ७ बजे देखि बेलुका ५ बजे सम्म मात्र बिक्रीसमय अवधि हुनेछ।

८. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छली मालबस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तु जुनसुकै स्थानमा लागेको भएपनि सम्बन्धित ठेकेदारले दस्तुर वा शुल्क उठाउन सक्नेछ।

९.बिक्री पश्चात काम नलाग्ने भनि छोडिएका निर्माण सामाग्रीहरु जुन स्थलबाट निकालिएको हो सोहि स्थानमा लगि पुर्बवत अवस्थामा छोड्नु पर्नेछ।

१०. नदिजन्य पदार्थको बिक्री गर्ने कार्यमा संलग्न हुने कामदार वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकदार स्वयमले उपलब्ध गराइ सम्पूर्ण सुरक्षा सतर्कताका साथ बिक्री कार्यको प्रबन्ध मिलाउनु पर्नेछ।

११. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा स्थानीय वातावरणमा कुनै किसिमको प्रतिकुल प्रभाव नपर्ने ब्यबस्था ठेकदार स्वयमले मिलाउनु पर्नेछ। साथै कामदार तथा कर्मचारीहरुको सुरक्षा तथा बीमा गर्ने गराउने दायित्व समेत ठेकदार स्वयंमको हुनेछ।

१२. स्वीकृत वातावरणीय प्रतिबेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरण सम्बन्धी उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थको बिक्री बितरण गर्नु पर्नेछ।

| | |
|---|---|
| बृन्दावन नगरपालिकाकाको तर्फबाट | ठेकेदारको तर्फबाट |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः प्रमुख प्रशासकीय अधिकृत | प्रोप्राईटरः |
| कार्यालयको छापः | फर्मको छापः |

ईति सम्बत......साल..........महिना.......गते रोज.........शुभम् ।

अनुसूची –२.ग

(दफा (६) को उपदफा (३) संग सम्बन्धित)

**बिक्री बितरणको पट्टा**

लिखितम श्री ................. ............को नाती.........................को छोरा ...............जिल्ला ..................गा.पा./न.पा.वडा नं.............स्थायी घरभई हाल ...................... गा.पा.रन.पा. .......... .मा स्थायी बसोबास गदै आएको बर्ष ....... को श्री ...................... ले .............कानून बमोजिम बृन्दावन नगरपालिकाको निमित्त तपशिल बमोजिमको शर्तमा तपशिल बमोजिमको क्षेत्रमा तपशिल बमोजिमको दरले आय रकम संकलन गर्ने ठेक्का वन्दोवस्त गर्ने गरी यस बृन्दावन नगरपालिकाबाट बोलपत्र आव्हान गरे अनुसार तपाई समेतले दिनु भएको बोलपत्रको मूल्याङ्कन हुँदा आ.व.................को लागि रु. ..................।– (मू.अ.कर बाहेक) अक्षरेपी ...........................मात्रमा ठेक्का दिने गरि तपाइँ संग ठेक्का वन्दोवस्त गर्न मिति ...........................मा यसनगरपालिकाबाट भएको निर्णय अनुसार तपशिलका शर्त बमोजिम हुने गरी आय संकलन गर्न मञ्जुर भई कवुलियत गरिदिनु भएको हुँदा कवुलियत बमोजिम घटीवढी नपारी तपशिलमा लेखिए बमोजिमको मिति भित्र नगरपालिकालाई सम्पूर्ण किस्ताको रकम रु. ............ । वा प्रथम किस्ता बापतको रकम रु....................बुझाई मिति ....................देखी मिति .....................सम्म आ.व.............को लागि देहाय बमोजिमका स्रोतहरुवाट देहाय बमोजिमको दरमा बिक्री मूल्य वा शुल्क संकलन गर्ने कार्य गर्नुहोला । तपाइले गरीदिनुभएको सम्झौता र यो पट्टाको बर्खिलाप हुने गरि कुनै कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी बिक्री मूल्य वा शुल्क असुली गरेको ठहरे तपाइँ संग भएको ठेक्का तोडी तपाईको नाम कालोसूचीमा राखिने र त्यसबाट यस नगरपालिकालाइ हुनजाने हानि नोक्सानीको सम्पूर्ण रकम तपाइले राखेको बैंक जमानत वा नगद दाखिला गरेको रकमवाट असुल उपर गरिनेछ । पछी तपाईको कुनै कुरामा उजुर दाबी लाग्ने छैन भनी आजै यस बृन्दावन नगरपालिकाबाट ठेक्का चलन पुर्जी जारि गरि दिइएकोछ ।

**तपशिल:**

१) सम्झौतामा उल्लेख गरे बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व.............को सम्पूर्ण किस्ता वा प्रथम किस्ता बापतको रकम रु. .............बुझाई..............मिति .......... देखी ...........मिति .........सम्मको लागि प्रचलित कानूनको अधिनमा रही नगरपालिकाको आय संकलन गर्ने ।

२) उक्त आय संकलन गर्नका निमित्त बृन्दावन नगरपालिका क्षेत्रभित्र रहेका यसै साथ् संलग्न सूचिका मालबस्तुमा सोहि सुचिमा तोकिएको दरमा बिक्री मूल्य वा शुल्कको रुपमा आय संकलन गर्नेछु । यसरी आय संकलन गर्दा करदातालाई दिइने भर्पाइ रसिद यस नगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नेछु ।

३) सो आय संकलन गर्दा नगरपालिकाको कार्यालयबाट निर्धारण भएको बस्तुमा तोकिएको दरबमोजिम बाहेक अन्य कुनै किसिमको कर सेवाशुल्क वा दस्तुर आदि लगाई लिने छैन र यस कार्यालयबाट प्रमाणित गराए बाहेकका रसिदहरू प्रयोग गरि आय संकलन गर्नेछैन ।यदि कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको पाईएमा कानुन बमोजिमको कारबाही र सजाय हुनेछ।

४) अन्य कुराहरु तपाई र यस नगरपालिकाको कार्यालय बीच भएको सम्झौता बमोजिम हुनेछ ।

५) साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खननन्,संकलन र बिक्री गर्दा देहायका स्थानबाट निम्न बमोजिमको परीमाणमा मात्र गर्नु पर्नेछ ।

| क्र.सं. | नदीजन्य पदार्थ उत्खनन् गर्ने स्थान र नदीको नाम | बालुवा (क्यू.फिट) | ढुंगा (क्यू.फिट) | ग्राभेल/गिट्टी (क्यू.फिट) | माटो (क्यू. फिट) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

दस्तखत

नामः पदः

मितिः

ईति सम्बत......साल..........महिना.......गते रोज.........शुभम्।

अनुसूची – ३.क

(दफा (५) को उपदफा (२) संग सम्बन्धित)

**नदी प्रवेश आदेश**

ढुंगा, गिट्टी, बालुवा, माटो जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, संकलन र ढुवानी  कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा अनिबार्य प्रयोग गर्नुपर्ने परिमाण  नियन्त्रण तथा नदी प्रवेश आदेशः-

नदीको नामः..........................

नाका वा स्थलको नामः..........................

प्रवेश आदेश मिति .................. समय ............. प्रवेश आदेश नं ...............

**नदी प्रवेश आदेश बिवरण**

१. ढुवानी गरी लैजाने नाकाको नामः............................

ठेगानाः.............................. सम्पर्क फोन न.: ..........................

२. ढुवानी गर्ने पदार्थको नामः

३. ढुवानी गरी लैजाने साधनको नामः........................सवारी दर्ता नंः..................

४. लैजाने पदार्थको परीमाणः .................... घन फूटः..................

५ ढुवानी गरी लैजाने स्थानः ................................

६. ढुवानी गरी लैजाने पदार्थको प्रयोजनः.................................

(जुन प्रयोजनका लागि लैजाने हो ? चिन्ह लगाउने)

(क) निजि निर्माण

(ख) सार्बजनिक निर्माण

(ग) प्रशोधन पछी बिक्री

(घ) घाटगद्दी गरिने स्थानमा

(ङ) अन्य (प्रयोजन खुलाउने)

(नोटः यो आदेश नलिई ढुंगा,गिट्टी,बालुवा र माटो जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्,  संकलन गर्ने सवारी साधन नदीमा प्रवेश गर्न ओसार पसार गर्न र संचय वा भण्डारण गर्न निषेध  गरिएकोछ ।कहीं कतै त्यस्तो पाईएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ)

प्रवेश आदेशदिने कर्मचारीको पुरा नामः.......................

दस्तखत .................

ठेकेदार र प्रतिनिधिको पुरानाम........................

दस्तखत ............

अनुसूची – ३.ख

(दफा (५) को उपदफा (२) (क) संग सम्बन्धित)

**पटके प्रवेश आदेश**

ढंगा,गिट्टी,बालुवा,माटो जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, संकलन र ढुवानी कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनका सन्दर्भमाअनिबार्य प्रयोग गर्नुपर्ने परीमाण नियन्त्रण तथा पटके नदी प्रवेश आदेशः-

नदीको नामः.........................

नाका वा स्थलको नामः.........................

प्रवेश आदेश मिति .................. समय ............. प्रवेश आदेश नं ...............

**नदी प्रवेश आदेश बिवरण**

१.ढुवानी गरी लैजाने नाकाको नामः........................... ठेगानाः............................. सम्पर्क फोन न.: .........................

२. ढुवानी गर्ने पदार्थको नामः

३. ढुवानी गरी लैजाने साधनको नामः.......................सवारी दर्ता नं:..................

४. लैजाने पदार्थको परीमाणः .................... घन फूटः..................

५.ढुवानी गरी लैजाने स्थानः ................................

६. ढुवानी गरी लैजाने पदार्थको प्रयोजनः.................................

(जुन प्रयोजनका लागि लैजाने हो ? चिन्ह लगाउने)

(क) निजि निर्माण

(ख) सार्बजनिक निर्माण

(ग) प्रशोधन पछी बिक्री

(घ) घाटगद्दी गरिने स्थानमा

(ङ) अन्य (प्रयोजन खुलाउने)

(नोटः यो आदेश नसिई ढुंगा,गिट्टी,बालुवा र माटो जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, संकलन गर्ने सवारी साधन नदीमा प्रवेश गर्न ओसार पसार गर्न र संचय वा भण्डारण गर्न निषेध गरिएकोछ। कहीं कतै त्यस्तो पाईएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ)

प्रवेश आदेश दिने कर्मचारीको पुरानाम:.........................  ठेकेदार र प्रतिनिधिको पुरानाम..................

सहि .................  सहि ............

अनुसूची –४.क

(दफा (५) को उपदफा (१) खण्ड (घ) संग सम्बन्धित)

**उत्खनन कर्ताले राख्ने दैनिक उत्खनन् अभिलेख**

खानी वा नदीबाट ढुंगा,गिट्टी,बालुवा,माटो जस्ता साधारण निर्माणमुखी नदिजन्य पदार्थ उत्खनन् ओसारपसार कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयनका सन्दर्भमा उत्खनन् स्थल अनुसार परीमाण नियन्त्रणका लागि दैनिक तयार गर्ने अभिलेखः-

नाका वा स्थान भएको खानी वा नदीको नामः–

उत्खनन् गरिएको नाका वा स्थानको नामः–

| क्र.सं. | उत्खनन् गरिएको मिति | उत्खनन् गरिएको परिमाण | उत्खनन् कर्ता वा प्रतिनिधिको दस्तखत | अनुगमनकर्ताको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसुचि – ४.ख

(दफा (५) कोखण्ड (घ) संग सम्बन्धित)

**दैनिक पटके बिक्री वा ढुवानी अभिलेख**

नदीजन्य तथा खानीजन्य ढुंगा,गिट्टी,बालुवा,माटो जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन्न संकलन  कार्यको लागी वातावरणीय अध्ययन प्रतिबेदन कार्यान्वयन गर्न ढुवानी क्षेत्र अनुसार परीमाण नियन्त्रणका  लागि तयार गरिने अभिलेखः-

नदी वा खानीको नामः–

नाकाको नामः–

मितिः

| **क्र.सं.** | **ढुवानी मिति** | **पटके बिक्री आदेश नं.** | **पटके बिक्री भएको परीमाण** | **बिक्री भएको पदार्थ/सवारी नं.** | **कैफियत** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**आज्ञाले,**
**नामः रास नारायण पटेल**
**नि. प्रमुख प्रशासकीय अधिकृत**